# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरु

| आयोगको बैठक सङ्ख्याः ९७ | निर्णय मितिः२०८१/१२/२७ |
|---|---|

## निर्णय नः ११२

**विषयः आर्थिक वर्ष २०८२/८३ का लागि स्थानीय विभाज्य कोषबाट प्रदेश सरकारले सम्बन्धित प्रदेश भित्रका स्थानीय सरकारबीच गर्ने सवारी साधन कर बाँडफाँटको हिस्साको सम्बन्धमा प्रदेश सरकारलाई गरिने सिफारिस।**

१. माथि उल्लेखित विषयका सम्बन्धमा आयोगका माननीय कार्यवाहक अध्यक्षको अध्यक्षतामा बसेको बैठकबाट देहाय बमोजिम निर्णय गरियो।

१.१ अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. को उपदफा (४) र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ को उपदफा (१) बमोजिम आयोगको मिति २०८१/१२/२१ को बैठक संख्या ९५ निर्णय नं. १०९ बाट निर्धारण गरिएको सवारी साधन कर बाँडफाँटको आधार र ढाँचा एवम् तथ्याङ्कको स्रोत बमोजिम गणना गरिएको संलग्न अनुसूची १ देखि ७ सम्मको सवारी साधन कर बाँडफाँटको हिस्सा स्वीकृत गर्ने।

१.२ आर्थिक वर्ष २०८२/८३ का लागि स्थानीय विभाज्य कोषबाट प्रदेश सरकारले प्रदेश भित्रका स्थानीय सरकारबीच गर्ने सवारी साधन कर बाँडफाँटको हिस्सा सम्बन्धमा संलग्न ढाँचामा सबै प्रदेश सरकारलाई सिफारिस गर्ने र उक्त सिफारिस कार्यान्वयनका लागि सम्बन्धित प्रदेश सरकारको आर्थिक मामिला हेर्ने मन्त्रालय मार्फत प्रदेश सरकारमा लेखी पठाउने।

१.३ आयोगबाट भएको सिफारिस सम्बन्धी निर्णयमा सबै प्रदेश अन्तर्गतका स्थानीय सरकारहरूको हिस्सा सम्बन्धी अनुसूचीहरू समावेश भएकोमा कार्यान्वयनका लागि सम्बन्धित प्रदेशको अनुसूची मात्र समावेश गरी प्रदेश सरकारमा लेखी पठाउने।